**सिभिल बैंक लिमिटेडको**
चौथो वार्षिक साधारण सभाको
**काम कारवाहीको विवरण (माईन्युट)**

## १. प्रारम्भिक :-

सिभिल बैंक लिमिटेडको मिति २०७१ साल पौष ९ गते बसेको संचालक समितिको १५८ औ वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिको अध्यक्ष श्री ई. इच्छा राज तामाङ्ज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम बैंकको चौथो वार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, समय र स्थान :-

**मिति :** २०७१ माघ महिना ०९ गते (तद्नुसार जनवरी २३, २०१५) शुक्रबार ।
**समय :** बिहान ११:00 बजे ।
**स्थान :** त्रिभुवन आर्मि अफिसर्स क्लव, काठमाडौं ।

## ३. सभाको सूचना :-

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बैंकको चौथो वार्षिक साधारण सभाको सूचना सहित सभामा छलफल हुने विषयबस्तुहरू र कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण समेत मिति २०७१/०९/१३ गते प्रथम पटक र मिति २०७१/०९/२३ गते दोश्रो पटक क्रमशः अन्नपूर्ण राष्ट्रिय दैनिक र नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । त्यस्तै गरी साधारण सभासम्बन्धी जानकारी, आ.व. २०७०/०७१ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जनकारीको लागि बैंकको वेभसाईट www.civilbank.com.np मा प्रकासित गरिएको र बैंकको शेयर रजिष्ट्रार, केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरूबाट शेयरधनीहरूलाई वितरण गर्ने व्यवस्था गरिएको थियो ।

## ४. उपस्थिति :-

**(क) संचालकहरूको उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १. | श्री ई. इच्छा राज तामाङ् | - | अध्यक्ष |
| २. | श्री अम्बीर वोगटी | - | संचालक |
| ३. | श्री प्रकाश तायल | - | संचालक |
| ४. | श्री विनोद लाल श्रेष्ठ | - | संचालक |
| ५. | श्रीमति रिता श्रेष्ठ | - | संचालक |
| ६. | प्रा. डा. रमेश दाहाल | - | संचालक |
| ७. | श्री घनेन्द्र बहादुर श्रेष्ठ | - | संचालक |
| ८. | श्री मित्रलाल श्रेष्ठ | - | संचालक |
| ९. | श्री संगम के. सी. | - | संचालक |

**(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

| | | | |
|---|---|---|---|
| १. | श्री किशोर महर्जन | - | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गोविन्द गुरूङ् | - | वरिष्ठ कार्यकारी अधिकृत |
| ३. | श्री सर्वेन्द्र मिश्र | - | प्रमुख संचालन अधिकृत |
| ४. | श्री रन्जीव श्रेष्ठ | - | लेखा परीक्षकका प्रतिनिधि |
| ५. | श्री खेम राज खत्री | - | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ६. | श्री अम्बिका प्रसाद गिरी | - | प्रतिनिधि, नेपाल धितोपत्र बोर्ड |
| ७. | श्री डिल्लीराम श्रेष्ठ | - | कम्पनी सचिव |

**(ग) शेयरधनीको उपस्थिति :-**

स्वयं उपस्थित - ८१३ जना
प्रतिनिधी मार्फत - ६०८ जना

**५. सभामा प्रस्तुत छलफलका विषयहरू :-**

**(क) साधारण प्रस्तावहरूः**

१. संचालक समितिको वार्षिक प्रतिवेदन २०७०/०७१ उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित सम्वत् २०७१ आषाढ मसान्तसम्मको वासलात, मिति २०७०/०४/०१ देखि २०७१/०३/३२ गतेसम्मको नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुंजीको १.५० प्रतिशतले हुन आउने रू. ४,०४,८३,८७०/- शेयरधनीहरूलाई नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७१/०७२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक उप-समुह क-३ र क-४ बाट प्रतिनिधित्व गर्नु हुने संचालकहरू क्रमशः सुश्री जुनी गुरूङ्ग र श्री त्रिमिर महर्जनज्यूले संचालक पदबाट दिएको राजिनामा स्वीकृत भई रिक्त हुन आएको संचालक पदमा सोही उप-समुहबाट प्रतिनिधित्व गर्ने गरी संचालक समितिले बाँकी अवधिका लागि श्री विनोद लाल श्रेष्ठ र श्री रिता श्रेष्ठलाई संचालक पदमा गरेको नियुक्तीको अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ७.०० प्रतिशत बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

२. प्रस्तावित लाभांश स्वीकृती पछि बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही बमोजिम हुने गरी र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकको संस्थापक शेयरधनीहरूको संस्थापक उप-समुहहरूलाई एउटै समुह कायम गर्ने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने । साथै प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायहरू (नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय) बाट फेरबदल गर्न सुझाव/ निर्देशन प्राप्त भएमा सो बमोजिम आवश्यक समायोजन/ संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :** विविध प्रस्ताव अन्तरगत कुनै प्रस्तावहरू नभएको ।

**६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | २,६९,८९,२४६.९२ | ६०,०३,४६४ | ८८,१५,३२३ | १,४८,१८,७८७ | ५४.९१ |
| शेयरधनी | ७३,७७१ | ८१३ | ६०८ | १४२१ | |

**७. सभापतीज्यूको आसन ग्रहण :-**

बैंकको चौथो वार्षिक साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम १९ (२) बमोजिम संचालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने प्रावधान अनुरूप यस बैंकका संचालक समितिका अध्यक्ष श्री ई. इच्छा राज तामाङ्गज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । साथै सम्पूर्ण सञ्चालकज्यूहरू, आमन्त्रित पर्यवेक्षकज्यूहरू तथा बैंकका पदाधिकारीहरूबाट आसन ग्रहण गर्ने कार्य भयो ।

**८. बैंकको बारेमा जानकारी :**

औपचारिक रूपमा सभाको काम कारवाही शुरू हुनु अघि बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किशोर महर्जनज्यूले शेयरधनी महानुभावहरूलाई बैंकको वर्तमान अवस्थाको बारेमा जानकारी गराउँदै बैंकको चौथो वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरूलाई स्वागत मन्तव्य राख्नु भयो ।

## ९. सभाको कारवाही र वैधानिकता :-

सभाको औपचारिकतामा प्रवेश गर्दै कम्पनी सचिव श्री डिल्लीराम श्रेष्ठले आजको चौथो वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा सिभिल बैंक लिमिटेडको नियमावलीको नियम २३ को प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयर संख्या आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको र कम्पनी ऐन अनुसार सभा बैधानिक भएको जानकारी गराउँदै सभामा छलफल हुने विषयबस्तुहरू पढेर सुनाउनु भयो । तत्पश्चात् कम्पनी सचिवले सभा संचालनको लागि सभाका सभापति श्री ई. इच्छा राज तामाङ्ज्यूलाई अनुरोध गर्नु भयो ।

## १०. चौथो वार्षिक प्रतिवेदन प्रस्तुति :-

सभाका सभापति श्री ई. इच्छा राज तामाङ्ज्यूले सभा समक्ष समिक्षा अवधिमा बैंकको वित्तीय झलक, निक्षेप परिचालन, कर्जा तथा कर्जा व्यवस्थापन, लगानी, मानव संसाधन व्यवस्थापन, शाखा विस्तार, संस्थागत सुशासन, संस्थागत सामाजिक उत्तरदायित्व, कार्ड तथा एटिएम, विप्रेषण कारोबार, प्रविधि सेवा, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले बैंकिङ्ग क्षेत्रमा पारेको प्रभाव आदि विषयमा तयार पारिएको वार्षिक प्रतिवेदन तथा कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिमको प्रतिवेदन सभामा प्रस्तुत गर्दै बैंकलाई प्रगतिको यो अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्नु हुने शेयरधनीहरू, बैंकका कर्मचारीहरू लगायत सम्बद्ध सवैलाई धन्यवाद् दिनुभयो ।
तत्पश्चात सभापतिज्यूले संचालक समितिको वार्षिक प्रतिवेदन माथि आ-आफ्नो जिज्ञाशा तथा विचार प्रकट गर्नु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

## ११. छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरु :-

| क्र सं. | नाम थर |
|---|---|
| १ | डा. माधव कुमार श्रेष्ठ |
| २ | अशोक उप्रेती |
| ३ | उद्धव प्रसाद घिमिरे |
| ४ | अमृत नाथ रेग्मी |
| ५ | श्याम कुमार शर्मा |
| ६ | डा. सुन्दर लाल श्रेष्ठ |
| ७ | चन्द्र नारायण श्रेष्ठ |
| ८ | डम्मरू बल्लभ घिमिरे |
| ९ | शिव प्रसाद शर्मा |
| १० | कृष्ण प्रसाद अधिकारी |
| ११ | रोज कुमार श्रेष्ठ |
| १२ | कृष्ण कुमार श्रेष्ठ |
| १३ | अमिर दास रंजित |
| १४ | इश्वर दास कर्मचार्य |
| १५ | अच्युत राज शर्मा |
| १६ | उत्तम पाठक |
| १७ | नारायण सुन्दर श्रेष्ठ |
| १८ | नर्सिङ्ग लाल चखूँ (लिखित सुझाव) |

## १२. छलफलमा शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरूको मुलभूत आशयहरू निम्न बमोजिम रहेका छन् :-

**(१) डा. माधव कुमार श्रेष्ठ :**

आ.व. २०७०/७१ को नाफा तथा संचित कोषवाट शेयरधनीहरूलाई वाड्नको लागि प्रस्ताव गरिएको बोनस शेयर र नगद लाभाँसको लागि धन्यवाद छ । निष्कृय कर्जा कमी भएको राम्रो छ । NPL कम भएको राम्रो हो । थप मर्जरमा जानको लागि सुझाव दिन चाहन्छु । Leadership राम्रो छ । शेयर किन्ने शेयरधनीले लखपति, करोडपति, अर्बपति हुने लालच हुनुपर्छ । Board of Directors को Role राम्रो हुनुपर्दछ । नेपाल सरकारले शेयर होल्डर Protection Act ल्याउनु पर्यो ।

**(२) अशोक उप्रेती :**

बैकिङ्ग लगानी भनेको बाबु बाजेले लगानी गरेर छोरा छोरीले खाने उद्योग हो । २/४ वर्षमै यसको analysis गरेर त्यसको Return पाउने आशा गर्नु ठीक होइन । शेयर लगानीको २०/२५ वर्षको target राख्नुपर्छ ।

**(३) उद्धव प्रसाद घिमिरे :**

लगानीकर्ताले खोज्ने भनेको प्रतिफल हो । थोरै समयमा पनि बैकको Dividend Capacity सन्तोषजनक रहेको छ । अर्को वर्षमा Two Digit मा लाभांश प्रस्ताव ल्याउन सक्नु पर्यो । वार्षिक प्रतिवेदन वितरण गर्दा आर्थिक रूपमा भार पर्न जाने भएको हुनाले Balance Sheet संक्षिप्त रूपमा पुप्याउनु दिनु भए राम्रो । आगामी वर्षमा दिने लाभांस प्रस्ताव Comment Minute Book मा आओस् । बैकको portfolio बढाउन सक्नु भएको स्वागत योग्य छ । Credit Performance सकारात्मक छ । Sundry Creditors Balance Sheet मा राख्नु पर्दछ । Foreign Policy द्रुत गतिमा अगाडि बढिरहेको हुनाले बैंकले यस तर्फ ध्यान दिनुहोला । डिवेञ्चरमा लगानी बढाउनु होस् । Subsidiary Company खोल्ने तर्फ ध्यान दिनुहोला । बीमा व्यवसाय विस्तार गर्ने तर्फ पनि ध्यान दिनुहोला । Change of equity बढाएको स्वागत योग्य छ । L/C मा लगानी बढाइ दिए राम्रो हुन्छ । बैंकको भविष्य राम्रो छ । Policy हरु अध्यावधि गरी राम्रो गर्ने गर्नुहोला ।

**(४) अमृत नाथ रेग्मी :**

बैंकको विस्तारै हिड्ने समय सिद्धिसक्यो । अब ज्ञान सिक्ने समय आयो । यस साधारण सभा शुरू १५ मिनेट ढिला भएको छ । यस सम्वन्धमा १५ मिनेट ढिला भए वापत क्षमा याचना गर्नु पर्नेमा सो गरिएको पाएन । तोकिएको समयमा नै साधारण सभा शुरू गर्ने गरौ । अध्यक्षको मन्तव्यमा मिति उल्लेख हुनुपर्ने सो भएन । आगामी प्रतिवेदनमा सो आओस् । संचालक समितिको प्रतिवेदनमा अध्यक्षको नाम छुटेको छ साथै मिति राख्नु पर्नेमा सो पनि छुटेको छ । आगामी प्रतिवेदनमा त्यसो नहोस् । ढोका जहिले पनि २ वटा खुल्ला राखौ । एउटा मर्जको अर्को acquisition को । सिभिल क्यापिटल Subsidiary चाहिएको छ । काठमाण्डौमा एउटा राम्रो जग्गा भएको तथा मर्ज गर्न उपयुक्त भएको संस्था छ त्यसलाई मर्जमा लानको लागि प्रयास गर्नुहोला । Equity lending तर्फ कार्य शुरू गरौ । बैकमा R & D अर्थात research and development हुनुपर्छ । सिभिल च्यारिटि शुरू गरौ । 1.50 % cash Dividend किन दिएको बुझिएन । Tax को जति आवश्यक छ त्यति मात्र दिएर बाँकी reserve मा राखिए हुन्थ्यो । Fraction share लाई नपुग रकम लिएर nearest मा ल्याऔं र Fraction share हटाऔं । यसबाट promoter, public ratio कम भए जति अनुपातमा कम भएको हो सो बढाई promoter र Public को ratio मिलाऔं । वार्षिक प्रतिवेदनमा राम्रा पक्षहरूलाई उल्लेख गरौं नराम्रो पक्षहरूलाई सुधार गर्ने गरौं ।

**(५) श्याम कुमार शर्मा :**

Paid up capital र reserve बढेको राम्रो छ । कम्पनीको growth राम्रो छ । कर्जा नोक्सानी बढेको देखिएको भएतापनि Right Back ले गर्दा राम्रो देखिएको छ । कूल मूनाफा बढाएको छ । शेयरधनीले अपेक्षा अनुरूप पूरा हुन यहि रूपमा धेरै समय लाग्न सक्छ । वित्तीय विवरणमा देखिएको कमी कमजोरी सच्याउनुस । लगानीकर्ताले धेरै प्रतिफल प्राप्त गर्न धेरै प्रयास गर्नुपर्छ । मुनाफाको Ratio बढाउनु पर्छ । Portfolio बढाउन अझ मर्जरमा जान आवश्यक छ । मर्जरको लागि Deposit कम भएको पूँजी बढेको कम्पनी हेर्न आवश्यक छ । हाइड्रो कम्पनी, जिवन बीमा कम्पनीमा लगानी गुर्नपर्यो । NPA सन्तोषजनक छ ।

**(६) डा. सुन्दर लाल श्रेष्ठ :**

छोटो समयमै राम्रो प्रगति गर्न सकेको राम्रो हो । ७% बोनस शेयर र १.५०% नगद लाभाशं दिनु राम्रो हो । प्रतिवेदनमा ०.५% वा सो भन्दा वढि शेयर धारण गर्ने शेयरधनीहरू संस्थापक र सर्वसाधारण छुटिनु पर्ने । वार्षिक प्रतिवेदन स्वीकृतीको सिलसिलामा ने. रा. बैकको निर्देशन २ वटा मात्र हुनु राम्रो हो । ने.रा.बैकको निर्देशनको जवाफ पनि छाप्नु पर्ने छुटेको छ । गत वर्ष भन्दा धेरै कुरामा ने.रा.बैकको निर्देशनमा प्रगती छ । Investment घटेको छ, बढाउनुपर्यो । नोक्सानी व्यवस्था फिर्ता गरेको राम्रो छ । Cost of Fund High छ, कम गर्नुपर्छ । मुद्धति निक्षेपमा भन्दा बचत निक्षेपमा ध्यान दिनुहोला । लाभाँस बुझिलिन शेयरधनीको तालिका सभा हल बाहिर राखे राम्रो हुन्थ्यो । शेयरमा लगानी गर्नुपर्यो । खराब कर्जा बढेको छ । व्याजदर अन्तर राम्रै छ । खर्च कटौती गरेको राम्रो हो । आगामी वर्षमा अझ बढी बोनस दिनु होला, कम्तीमा पनि १० प्रतिशत ।

**(७) चन्द्र नारायण श्रेष्ठ :**

बोनस र लाभाँसको लागि धन्यवाद । वार्षिक प्रतिवेदन प्रकाशन स्वीकृती मिति हुनुपर्ने । International banking fraud मा हुन सक्ने जोखीमलाई ध्यान दिनुपर्ने । Cash Dividend ५% भन्दा कम नभए राम्रो । सम्पत्तिमा प्रतिशतमा राख्नुपर्ने अनुपातमा होइन । एक्सिस, सिभिल मर्चेन्टको नोक्सानी नभएको भए बढी प्रतिफल आउँथ्यो । कर्मचारी बैंकको प्रमुख सम्पत्ति भएको हुनाले बढी भन्दा बढी return लिनको लागि कर्मचारीमा लगानी गर्नु आवश्यक छ । अन्य सम्पत्ति भनेको के हो स्पष्ट पार्नु होला ।

**(८) डमरू बल्लभ घिमिरे :**

चार वर्षको छोटो अवधिमा बैंक अवस्था नराम्रो भन्नु पर्ने अवस्था छैन । बोनस लाभाँशका लागि धन्यवाद । बैंक अग्रपथमा रहेको छ । पेज नं ३१ मा भएको ०.५% शेयर स्वामित्व विवरणमा संस्थापक र सर्वसाधारण छुट्याउनुपर्ने । ने.रा.बैंकको स्वीकृतीपत्र र जवाफ पत्र छाप्ने गरे राम्रो । बैंक र अध्यक्षको बारेमा पत्रपत्रिकामा टिप्पणी आउनुपर्ने हो वा होइन ध्यान दिनु होला । धेरै शाखा खोल्दा बैंक धरासायी नहोस् । बैंक Sustain हुने गरी मात्र शाखा खोल्ने गर्नुहोला । प्रतिवेदनमा Pie Chart हुनुपर्ने । मर्जरमा भन्दा एक्विजिशनमा जाँदा बैंक लाई राम्रो हुन्छ । पहिलेको मर्जरमा Swap Ratio मिलेन । बैंक बुझेको संचालक होस् । हाम्रो भन्दा राम्रो मान्छे आओस । आगामी वर्षमा २ डिजिटमा Dividend वितरण गर्न सकोस् ।

**(९) शिव प्रसाद शर्मा :**

१.५० प्रतिशतमा नगद लांभास वितरण गर्नुको मतलब के हो स्पष्ट पारिदिनु होला । जग मजबुद (equity + reserve ) राम्रो हुनु पर्यो । नोक्सानी Right back गर्न सकेको राम्रो छ । कर्जा लगानी राम्रो होस् । शाखा खोल्ने ठाँउमा good faith कायम गरेर खोल्ने गर्नुपर्छ । अर्को वर्ष नाफा बढाउन सकोस् । अर्को वर्ष यति दिन सक्छु भन्ने प्रतिवद्धता बैंकवाट आओस् ।

**(१०) कृष्ण प्रसाद अधिकारी :**

एकमात्र महिला संचालिकाको फोटो किन नराखेको । सून्य सहनशीलताको नीति राम्रो हो । बैंकले पाएको अवार्ड राम्रो हो । प्रविधिमा आधारित बैंक भनी बैंकको छुटै पहिचान हुन सक्नु राम्रो हो । सामाजिक सहयोग गरेको राम्रो हो । ०.५% शेयरलाई सर्वसाधारण र संस्थापक छुट्याउनु होला । कम बोल्ने लाई पुरस्कृत गर्ने गर्नुस् ।

**(११) रोज कुमार श्रेष्ठ :**

कान्छो बैंक भएकोले नियमनकारी निकायहरूवाट बढी पेलाई भएको हामीलाई महसुस भएको छ । कान्छा बैंक भएकोले बढी Interest दिएर Deposit लिनु पर्ने र Loan कम ब्याजमा लगानी गर्नुपर्ने बाध्यता रहेको छ । अर्को वर्ष यो भन्दा बढि बोनस दिन सकोस् । एक्सिस र सिभिल मर्चेन्टको घाटाले यस वर्षमा नाफा कम भएको हो । आगामी वर्षमा के कति नाफा हुने हो स्पष्ट होस् । सम्भावित नोक्सानी फिर्ता गर्न सकेकै कारणले मात्र नाफा भएको हो । नियमित कारोबार कमी छ । अनुसूची ४.३१ (पेज नं ५७) मा बुक नेटवर्थ प्रति शेयरको १०५।१३ लेखी सम्पूर्ण रकममा उल्लेख नगरेकै राम्रो । कूल कर्मचारी ४०४ उल्लेख छ । यस आ.व. मा कर्मचारी संख्या किन बढ्यो । कर्मचारी यसकारणले बढेको भनी उल्लेख गर्नुस् । कर्मचारी खर्च बढेको अन्य शिर्षमा लेखे पनि हुन्छ ।

**(१२) कृष्ण कुमार श्रेष्ठ :**

प्रतिवेदनमा सबै Parameter राम्रो छ । बैंकको पौष महिनाको Balance Sheet आज प्रकाशित भएको पनि राम्रै छ । बैंकको हितको लागि हाम्रो सम्पूर्ण Support उहाँहरुलाई छ । यहांसम्म बैंकलाई ल्याइ पुयाउनु भएकोमा धन्यवाद छ । व्यवस्थापनको Long Term Vision हुनुपर्ने Policy भए राम्रो । यहाँ मार्केट सानो छ भने बाहिर मुलुकको मार्केटमा जानु राम्रो हुन्छ । अरू बैंक सँग वित्तीय विवरणहरूको Comparative Chart भए राम्रो । Zero tolerance मा कार्य गरिरहनु राम्रो छ । धेरै control गर्दा बैंकलाइ भोली आएर नराम्रो नहोस् । संचालक समितिले व्यवस्थापनलाई observe गर्नु तर Control नहोस् । हरेक वर्ष दिएका सुझावहरूलाई कार्यान्वयन गरिसकेको वा गर्न बाँकी आगामी सभामा पेश गर्ने गर्नुस् । long term vision लिएर जाऔं ।

**(१३) अमिर दास रंजित :**

बोनस र लाभासको लागि धन्यावद । Fraction लाई Round Figure मा मिलाऔं । Fraction लाई Round Figure मा मिलाउंदा फरक हुन आउने Promoter / public Ratio लाई पनि नविग्रने गरी मिलाऔं । NPL घटेको राम्रो तर यसलाई maintain गर्नु पर्छ । पौषको Financil Report ले बैंकको साख बचाउन सकेको छ । मर्जरमा जानु उपयुक्त हुन्छ । गाभिने सँस्थाहरूको Loss भए तापनि share swap ratio वाट बाँकी भएको पूँजीबाट नै यो बोनस शेयर dividend दिन सकेको हो । Deposit Portfolio संस्थागत भन्दा सर्वसाधारण निक्षेप तर्फ जोड दिनु होला । शेयरधनी बचत खातामा कति प्रतिशत ब्याज दिने सो उल्लेख भए राम्रो छ । पौषको Report मा नाफा भएकोमा पुरानो Bad Loan के कति Recover भयो सो स्पष्ट होस् । निष्कृय कर्जा Print Mistake भएको छ । अर्को वर्ष नहोस । मर्जर र एक्विजिशनको एजेण्डा हुनुपर्ने सो नभएको । आजको सभाबाट पारित गरियोस् ।

**(१४) इश्वर दास कर्माचार्य :**

४ वर्षको अवधिमा बैंकको अवस्था अग्रगमन तर्फ उन्मुख भएको छ । निक्षेप र कर्जा बृद्धि भएको छ । Base Rate, Cost of Fund बढी छ । क वर्गको बैंकको लागि सो बढि हुनु सुहाउदो छैन । सुधार गर्न विचार गर्नु पर्छ । खुद नाफा राम्रो छ । Paid up Capital को आधारमा ओभररेटिङ नाफा कम छ । Non Fund Income राम्रो छ । अझ बृद्धि गर्नुपर्छ । मर्जर र एक्विजिशन गर्दा गाभिने संस्थाको नराम्रो कुरा तर्फ ध्यान दिनु पर्छ ।

**(१५) अच्चुत राज शर्मा**

बैंकले ४ वर्ष सम्ममा आउँदा जुन प्रगति गर्नु भएको छ त्यो प्रगति दीगो हुनुपर्दछ, स्थीर हुनुपर्छ । दीगो रूपमा अगाडि बढ्नका लागि भविष्यको Problem Face गर्न तयारी गर्नुहोला । Research and Development Department हुनुपर्यो । Traditional Banking भन्दा पनि फरक ढंगले Business गर्नको लागि Diversification तथा Uniqueness हुनुपर्छ । Survival for fittest को सिद्धान्त बमोजिम बैंकलाई Survival हुनेगरी बिजनेश गर्नुहोला । नयाँ सोच नयाँ प्रविधि प्रयोग गरी बैंकिङ्ग सेवा विस्तार गरौ । Investment to staff तर्फ बैंकले ध्यान दिनुहोला । सवै कर्मचारीहरूलाई लक्ष्य दिई काममा लगाउनु पर्ने । कर्मचारीहरू ग्राहक मैत्रि हुनु पर्ने र सो को लागि बैंकले नियमित अनुगमन गर्नु पर्ने ।

**(१६) उत्तम पाठक :**

बाझों खेतमा हलो चलाउंदा माटोलाई दुख्छ भनेर बस्यो भने र ढुँगालाई कोरी मुर्ति बनाउंदा दुख्ला भनी बस्यो भने न त खेतवाट राम्रो उब्जनी हुन्छ न त राम्रो मुर्ति नै बन्छ भने झै बैंकले पनि सभाको सल्लाह सुझावलाई बैंकको उन्नतिको लागि दिएको सम्झी सोही बमोजिम लिनुहोला । बैंकको चौथो साधारण सभा भए तापनि मर्जर पछिको यो पहिलो सभा हो । गाभिने संस्थाहरूको Loss लाई सकार्दा सकार्दै पनि Dividend दिन सकेकोमा धन्यवाद । Social Responsibility अन्तर्गतको कार्य गरेको राम्रो छ । शेयरधनीको लागि पनि Charity Trust खोली सहयोग गर्न सके राम्रो । पेज नं ११ मा चौथो हुनुपर्नेमा तेश्रो भई Mistake भएको छ । ने.रा.बैंकको निर्देशन बमोजिम उत्पादनशील तथा कृषी क्षेत्रमा पु-याउनुपर्ने कर्जा लगानी यसै वर्षमा पुग्न लागेको राम्रो छ । कृषि लगानी १२ % पुग्ने गरी कर्जा बढाउनु पर्यो । बैंकको Operating Profit कम छ । NPL 1.62 % कम नै हो । यद्यपी यसलाई maintain गर्ने गरौ । साधारण सभा खर्च १८ लाख बढी भयो । कसरी भयो । साधारण सभा खर्चमा अनियमितता भएको हो की के हो स्पष्ट होस् । Capital Adequacy राम्रो भएको छ । बैंकले लगानी बढाऔ । Fix Deposit ले गर्दा Cost of Fund High छ, कम गर्नु पर्यो । Saving Deposit बढाउनु पर्यो । Profit Ratio १४% भएको ४०% देखाएको राम्रो भएन । CD Ratio कम छ । Deposit को तुलनामा Loan प्रवाह कम छ । आगामी वर्ष १५% भन्दा बढी लाभांस पाउने आशामा छौं ।

**(१७) नाराण सुन्दर श्रेष्ठ :**

नियमन निकायवाट कम्पनीको व्यक्ति, प्रकृति को आधारमा नीति नियम निर्देशन जारी हुने परिवर्तन हुने अनुभव छ । संचालक समितिमा खराबी भयो भने Best मान्छे पनि फस्दो रहेछ । बैंकमा अनुभवि व्यक्ति संचालक हुनुपर्ने आवश्यक छ । बैंकलाई उन्नतिमा लाने हो भने प्रतिफल बढी दिन सकिने संचालक समिति र Management हुनुपर्ने । बोर्डमा जानु ठूलो कुरा होइन त्यसबाट भोग्नु पर्ने स्थितीको ख्याल भए राम्रो । प्रतिष्ठीत व्यक्ति, राम्रो पदमा भएको, धन प्रसस्त भएको, राजनीतिक दलको सर्पोट भएको भए मात्र कारबाहीमा पर्दैन । १००,००० कित्ता शेयर लिएको मात्र संचालक भए कुनै कारवाहीमा पर्दा पनि धरौटी राखेर भएपनि छुट्न सक्ने क्षमता हुन्छ । पेज २३ अनुसार loan Write Off कटाउंदा Net Profit ३६ लाख मात्र हुन्छ । पेज २५ मा उल्लेखित वासलात अनुसार Source of Deposit अनुसार न्युनतम २% मात्र नाफामा जाने हो भने पनि ३८ करोड Net profit हुन्थ्यो त्यो छैन । Loan Loss Provision र Net Profit विश्लेषण गर्दा Profit Negative मा देखिन्छ । लेखापरीक्षक सही व्यक्तिको नियुक्ती सभाबाट होस् । बोनस शेयर दियो भन्दैमा खुशी हुनुपर्ने होइन सही तरीकाले Cash and Bonus ५०।५० मा दिए राम्रो । कमाएको नाफा ४.८७ करोडले Dividend १.६ प्रतिशत मात्र हुन आउँछ । अरू जगेडा कोषबाट आएको हो । बैंक भित्र हरेक कुरा गोप्य हुनुपर्छ । खर्चमा अलि सजग हुनुपर्ने । कर्मचारी खर्च २१.१७ करोड भएको छ जबकी Profit १९ करोड छ । यसवाट कर्मचारी खर्च बराबर नै नाफा भएन । Operating Cost ४०.३५ करोड र खर्च २३.८१ करोड देखिन्छ । नाफा ठिकै छ ।

**(१८) नसिङ्ग लाल चखुं (लिखित सुझाव) :**

Balance Sheet को activities, performance र efficiency मा प्रगति भएको देखिन्छ । लगानीकर्ता शेयरधनीहरूको हित एव प्रतिफलको संरक्षण गर्न Civil Bank सक्षम छ । त्यसैले बैंकसँग सम्बन्ध पक्षलाई धन्यवाद । शेयर पूँजी जगेडाकोष, Deposit, कर्जा सापटमा प्रवर्ध्दन भएको छ । लगानीमा विगत वर्षभन्दा कमी आएको छ । त्यसैले Investment Portfolio, market strategy एवं वर्तमान बजारको practice लाई study गर्न सुझाव गर्दछु । साथै अब Issue हुन लागेको Hydropower कम्पनी, micro fincance कम्पनीको IPO मा लगानी गर्न अनुरोध गर्दछु । यसको साथै कृषि, Hydrosector शिक्षा, Hospitality , प्रवर्धन तथा पूर्वाधार क्षेत्रमा लगानी गर्न पहल गर्नुपर्छ

भन्ने लाग्दछ । खुद ब्याज आम्दानी प्रगती भएपनी अझै यसमा सुधार गर्नुपर्छ । Forex Mgmt मा अझै सुधारको गतिलाई पहिल्याउनु पर्ने देखिन्छ । साथै exchange rate risk प्रति सजग हुनुपर्छ । LLP बढेको छ । Write back मा पनि ध्यान दिएको छ र आम्दानीका अन्य शिर्षकहरूबाट आम्दानी गरेकोले खुद नाफामा प्रगति गरेको छ । साथै आगामी सालको लागि पनि Write Back मा stress दिनुपर्छ । NPL बढेकोले Bad Loan को Ratio मा पनि बढेको छ । यसलाई manage गर्नुपर्ने देखिन्छ । सम्भावित दायित्वलाई पनि उचित रूपले परिचालन गर्न सक्नु पर्यो । NON Earning Asset लाई पनि manage गर्नुपर्ने देखिन्छ । EPS, MPPS, P.E.Ratio, ROE मा सुधार भएको छ । यसलाई नियमितता दिनुपर्ने मेरो राय छ । कर्जा सापटमा व्याज आम्दानी घटेको र कुल आम्दानीमा सटही घटबढ आम्दानीको कमी भएको छ । यसलाई सुधार गर्नुपर्ने देखिन्छ । CID Ratio NRB ले तोकोको Ratio भन्दा बढेकोले तोकेको Range मा ल्याउनु पर्यो । Civil Bank समकालिन बैंकहरूसँगको प्रतिस्पर्धामा गइरहेको महसुस गर्न सकिन्छ । RB को Camel Rating मा संतोषजनक स्थान हासिल गर्न खोजिएको मान्न सकिन्छ । Earning Per Employee मा stress दिनुपर्ने देखिन्छ । Asset turnover Ratio, Earning Asset mgmt., ROA, Debt to Asset Ratio मा ध्यान जानुपर्ने देखिन्छ । Credit Mgmt / Bais Mgmt लाई अझ सक्रीय बनाउनुपर्छ भन्ने लाग्दछ । संचालन जोखीम, बजार जोखीम, ब्याज दर जोखीम प्रति सचेत हुनुपर्ने भन्ने मेरो राय छ । Fund Mgmt / Deposit Mobilise मा ध्यान दिनुपर्ने देखिन्छ । Resource लाई उचितरूप परिचालन गरी Market को अवसरलाई ग्रहण गर्न सक्नु पर्छ भन्ने लाग्दछ । Management Information system मा ध्यान दिएको महसूस गर्न सकिन्छ । शाखाहरूको कार्यमा monitoring गरी शाखाहरू को सुशासनमा ध्यान दिनुपर्छ भन्ने लाग्दछ । बैंकको Assest को रूपमा रहेका HR लाई motivation गरी rewarding गरी आवश्यक तालिम दिई क्षमतावान बनाई व्यवसायकीय क्षमतामा प्रवर्द्धन गर्नुपर्छ भन्ने लाग्दछ । Basel III लाई ध्यान दिने हो भने equity multiplier मा ध्यान जानुपर्छ । यसको लागि प्रत्येक वर्ष Bonus Share को व्यवस्था गर्ने , merger / acquisition को way अपनाउने गर्नुपर्छ भन्ने लाग्दछ । merger को लागि EPS राम्रो भएको पक्षलाई रोज्नु पर्छ भन्ने लाग्दछ । आ.व ०७१।७२ को First र Second quarter ले प्रगती गरेको संतोषजनक छ ।

**१३. बैंकको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरु प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री ई. इच्छा राज तामाङ्ज्यूले आभार प्रकट गर्नुभयो । बैंकलाई निरन्तर रूपमा अघि बढाउन उँहाले सञ्चालक समितिको तर्फबाट प्रतिबद्वता व्यक्त गर्नुभयो । बैंकले आगामी वर्षमा अपेक्षित प्रगति गर्ने तर्फ उन्मुख भएको विश्वास दिलाउनु हुँदै अध्यक्षज्यू स्वयंले तथा उहाँको अनुमतिमा प्रमुख कार्यकारी अधिकृतले दिनुभएको जवाफ सारांशको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

- बैंकिङ्ग व्यवसाय दीर्घकालिन लगानीको व्यवसाय भएको हुनाले हामीले लगानीकर्ताहरूको हितलाई ध्यानमा राख्दै दीर्घकालिन प्रतिफलको योजनाका साथ व्यवसाय विस्तार गर्ने लक्ष्य लिएका छौं ।
- शेयर लगानीकर्तालाई सकेसम्म बढि भन्दा वढि प्रतिफल प्रदान गर्ने लक्ष्य रहेको छ ।
- संचालक समितिका संचालकहरूले आ आफ्नो तर्फवाट बैंकको लागि योगदान गर्ने गरिएको छ ।
- यहांहरूको सल्लाह सुझाव बमोजिम बैंकले आगामी वर्षमा Two Digit मा प्रतिफल दिने कोशिस गर्ने छौं ।
- प्रतिवेदनको संक्षिप्त वार्षिक आर्थिक विवरण शेयरधनीहरूको जानकारीको लागि हामीले सार्वजनिक रूपमा दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशन गरेका छौं ।
- डिबेन्चरमा लगानी गर्न आवश्यक अध्ययन अनुसन्धान गर्नेछौं ।
- बैंकको सहायक कम्पनी खोल्ने वा कुनै कम्पनीलाई सहायक कम्पनीको रूपमा लिने योजनामा बैंक रहेको छ ।
- Letter of Credit तर्फ लगानी बढाइने छ ।
- बैंक नीतिमा आधारित बैंक भएको हुनाले बैंकले बैंकको लागि आवश्यक सम्पुर्ण नीति नियमहरू जारी गरी अक्षरशः पालना गर्ने गरिएको छ ।
- साधारण सभा १५ मिनेट ढिला शुरू भएकोमा हामी क्षमा याचना गर्दछौं ।
- संचालक समितिको प्रतिवेदन कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ बमोजिमको विवरण सहितको भएको हुनाले अन्त्यमा अध्यक्ष सहित सम्पुर्ण संचालकहरूको नाम र मिति समेत भएको उल्लेख भएको छ ।
- यहाँहरूको राय सल्लाह सुझाव बमोजिम बैंकले मर्जर र एक्विजिशनको दुई वटै बाटो खुल्ला राखेका छौं । मर्जरमा जानको लागि सुक्ष्म रूपमा अध्ययन गरेर मात्र अगाडि बढाउने छौं ।
- Equity Lending लगानी बढाउने योजनामा बैंक रहेको छ ।

- बैंकमा Research and Development Department रहेको यहाँहरूको जानकारीको लागि अनुरोध छ ।
- सिभिल च्यारिटी शुरू गर्न अध्ययन गर्ने छौं ।
- कर प्रयोजनको लागि १.५० प्रतिशत दिएको नभई शेयरधनी लगानीकर्तालाई केहि भए पनि प्रतिफल दिन नगद लाभांश प्रस्ताव गरिएको हो ।
- बोनस शेयर वितरण गर्दा आउने Fraction लाई सम्वन्धित शेयरधनीको स्वामित्वमै रहने गरी व्यवस्थापन गर्ने छौं । पछि एक कित्ता भए पछि नयाँ शेयर प्रमाण पत्र प्रदान गरिने छ ।
- बैंकको नराम्रो पक्षलाई सुधार गर्दै आएका छौं ।
- बैंकको व्यवसाय विस्तार आगामी बर्षमा यो भन्दा द्रुत गतिमा जाने छ । बैंकको मुनाफाको च्बतस्य बढाउँदै लाने छौं ।
- वित्तीय विवरणमा देखिएका कमी कमजोरीलाई आगामी दिनहरूमा सच्याउँदै जाने छौं ।
- Foreign Exchange मा लगानी बढाई यस शिर्षक अन्तर्गत मुनाफा बढाउने छौं ।
- बैंकले Zero Tolarance नीति अबलम्बन गर्दै आएको हुनाले आन्तरिक नियन्त्रण प्रणाली राम्रो छ ।
- नेपाल राष्ट्र बैंकवाट वार्षिक प्रतिवेदन प्रकाशन गर्न दिएको स्वीकृति मिति वार्षिक प्रतिवेदनमा उल्लेख गर्नेछौं ।
- International Banking Fraud मा हुन सक्ने जोखिमलाई ध्यान दिंदै बैंकले बैंकवाट जारी हुने कार्डमा Magnetic Chip को प्रयोग गरी fraud रोक्न विशेष व्यवस्था गर्न लागेका छौं ।
- कर्मचारीहरूलाई आवश्यकता अनुसार तालिम प्रशिक्षणमा पठाई कर्मचारी प्रति लगानी बढाउँदै आएका छौं ।
- Dividend सकेसम्म चाँडो वितरण गर्ने प्रयास गरिने छ ।
- ०.५ प्रतिशत शेयर धारण गर्ने शेयरधनीहरूको संस्थापक/सर्वसाधारण शेयर आगामी वार्षिक प्रतिवेदनमा वर्गीकरण गरिने छ ।
- बैंकले शाखा खोल्दा शाखा दीगो रूपमा संचालनमा रहने सक्ने एवं बैंकलाई असर नपर्ने गरी विस्तृत रूपमा अध्ययन गरेर मात्र शाखा कार्यालय खोल्ने गरेका छौं ।
- आगामी वार्षिक प्रतिवेदनमा वित्तीय विवरणहरूलार्य Chart मा पनि उल्लेख गर्ने प्रबन्ध गरिनेछ ।
- बैंकले हाम्रो भन्दा राम्रो मान्छेलाई प्राथमिकता दिने गरेको छ ।
- बैंकको संचालक समितिका एक मात्र महिला संचालिक श्रीमति रिता श्रेष्ठको फोटो प्रतिवेदन कम्पनी ऐन, २०६३ बमोजिम ३० दिन अगावै तयार गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम ३० दिन अगावै तयार भएको र निजले त्यस पछि मात्र पदभार ग्रहण गर्नु भएको हुनाले मात्र निजको फोटो छुट भएको हो ।
- बुक नेटवर्थ प्रतिशेयरको हिसावले उल्लेख गर्ने व्यवस्था गर्ने छौं ।
- कुल कर्मचारी संख्या ४०४ जना मर्जरको कारणले बढ्न गएको हो ।
- वार्षिक साधारण सभामा दिएका सुझावहरूलाई कार्यान्वय गर्ने गरिएको छ । कुनै राय सल्लाह सुझाव कार्न्वान्वयन गर्न बांकी भएमा आगामी सभामा जानकारी दिइने छ ।
- Social Resposibilty अन्तर्गत गरिएका कार्यहरूलाई निरन्तरता दिइने छ ।
- ने.रा.बैंकको नीति निर्देशन अक्षरशः पालना गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- यस आ.व. २०७०/७१ मा नियमित तेश्रो वार्षिक साधारण सभा मिति २०७०।०९।२३ मा र मर्जरको लागि विशेष साधारण सभा मिति २०७१।११।१९ मा बसेको हुनाले साधारण सभा खर्च बढेको हो ।
- मुद्दति निक्षेपलाई भन्दा बचत निक्षेपलाई र संस्थागत निक्षेपलाई भन्दा व्यक्तिगत निक्षेप संकलनलाई प्राथमिकता दिने गरेका छौं ।
- सही लेखापरीक्षक यहीं सभावाट नै नियुक्ती गरिनेमा हामी विश्वस्त छौं ।
- खर्च नियन्त्रण व्यवस्थापन राम्रैसंग गर्ने गरिएको छ ।

**१४. सभाको निर्णय :-**

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएका अमुल्य सुझाव, सल्लाहलाई बैंकले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**(क) साधारण प्रस्तावहरू:**

१. **संचालक समितिको वार्षिक प्रतिवेदन २०७०/०७१ उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय :** आजको साधारण सभामा साधारण प्रस्ताव नं. १ अन्तरगत सभामा अध्यक्षज्यूबाट प्रस्तुत भएको आ. व. २०७०/०७१ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गरिदिन सभामा सभापतिज्यूले प्रस्तुत गर्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित सम्वत् २०७१ आषाढ मसान्तसम्मको वासलात, मिति २०७०/०४/०१ देखि २०७१/०३/३२ गतेसम्मको नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने ।**

**निर्णय :** आजको साधारण सभामा साधारण प्रस्ताव नं. २ अन्तरगत आर्थिक वर्ष २०७०/०७१ को लेखापरीक्षण गरी पेश गरेको लेखापरीक्षण प्रतिवेदन सहित सहित सम्वत् २०७१ आषाढ मसान्तसम्मको वासलात, मिति २०७०/०४/०१ देखि २०७१/०३/३२ गतेसम्मको नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुंजीको १.५० प्रतिशतले हुन आउने रू. ४,०४,८३,८७०/- शेयरधनीहरूलाई नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

**निर्णय :** आजको साधारण सभामा साधारण प्रस्ताव नं. ३ अन्तरगत बैंकको संचित मुनाफा मध्येबाट बैंकको चुक्ता पूँजीको १.५० प्रतिशतले हुन आउने रू. ४,०४,८३,८७०/- (कर सहित) शेयरधनीहरूलाई नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७१/०७२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

**निर्णय :** आजको साधारण सभामा साधारण प्रस्ताव नं. ४ अन्तरगत आर्थिक वर्ष २०७१/०७२ को वार्षिक हिसाव किताबको लेखा परीक्षण गर्ने कार्यको लागि वर्तमान लेखापरीक्षक GP Rajbahak & Co. नियुक्तिको लागि योग्य भएको हुँदा बैंकको लेखापरीक्षण समितिको सिफारिश अनुसार GP Rajbahak & Co. लाई बैंकको बाह्य लेखापरीक्षण, आयकर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण समेतको लागि एकमुष्ठ रू. ३,२५,०००/- र उपत्यका वाहिरको शाखा कार्यालयहरूको भ्रमण गर्नु पर्दा विल अनुसारको यातायात, होटल खर्च भुक्तानी गर्ने गरी निज लेखापरीक्षकको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**५. संस्थापक उप-समुह क-३ र क-४ बाट प्रतिनिधित्व गर्नु हुने संचालकहरू क्रमशः सुश्री जुनी गुरूङ्ग र श्री त्रिमिर महर्जनज्यूले संचालक पदबाट दिएको राजिनामा स्वीकृत भई रिक्त हुन आएको संचालक पदमा सोही उप-समुहबाट प्रतिनिधित्व गर्ने गरी संचालक समितिले वाँकी अवधिका लागि श्री विनोद लाल श्रेष्ठ र श्री रिता श्रेष्ठलाई संचालक पदमा गरेको नियुक्तीको अनुमोदन गर्ने ।**

**निर्णय :** आजको साधारण सभामा साधारण प्रस्ताव नं. ५ अन्तरगत संस्थापक उप-समुह क-३ बाट प्रतिनिधित्व गर्ने सुश्री जुनी गुरूङ्ग र क-४ बाट प्रतिनिधित्व गर्नु हुने संचालक श्री त्रिमिर महर्जनज्यूले संचालक पदबाट दिएको राजिनामा स्वीकृत भई रिक्त हुन आएको संचालक पदमा सोही उप-समुहबाट प्रतिनिधित्व गर्ने गरी संचालक समितिले वाँकी अवधिका लागि श्री विनोद लाल श्रेष्ठ (संस्थापक उप-समुह क-३ ) र श्री रिता श्रेष्ठ (संस्थापक उप-समुह क-४ ) लाई संचालक पदमा गरेको नियुक्तीको अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव :**

**१. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ७.०० प्रतिशत बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

**निर्णय :** आजको साधारण सभामा विशेष प्रस्ताव अन्तरगत संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ७.०० प्रतिशतका दरले शेयरधनीहरूलाई वोनस शेयर जारी गर्ने र उक्त अनुपातमा वोनस शेयर जारी गर्दा हुन आउने भिन्न शेयर (Fraction share) लाई शेयरधनीकै नाममा कायम राखी पछि समायोजन गर्ने र सोही हदसम्म बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धी विशेष प्रस्तावलाई पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. **प्रस्तावित लाभांश स्वीकृती पछि बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही बमोजिम हुने गरी र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकको संस्थापक शेयरधनीहरूको संस्थापक उप-समुहहरूलाई एउटै समुह कायम गर्ने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव पारित गर्ने । साथै प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायहरू (नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय) बाट फेरबदल गर्न सुझाव/ निर्देशन प्राप्त भएमा सो बमोजिम आवश्यक समायोजन/ संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

**निर्णय** : आजको साधारण सभामा विशेष प्रस्ताव नं. २ अन्तरगत प्रस्तावित वोनस शेयर स्वीकृति पछि बैंकको जारी पुँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएको र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकको संस्थापक शेयरधनीहरूको संस्थापक उप-समुहहरूलाई एउटै समुह कायम गर्ने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नु पर्ने भएको हुँदा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने र प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायहरू (नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय) बाट फेरबदल गर्न सुझाव/ निर्देशन प्राप्त भएमा सो बमोजिम आवश्यक समायोजन/ संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्तावलाई पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**सिभिल बैंक लिमिटेडको**
**प्रबन्धपत्रमा संशोधन**

**दफा ६ (ख) :**

बैंकको जारी शेयर पूँजी रू.२,८८,७८,४९,४२०/- (दुई अर्ब अठासी करोड अठहत्तर लाख उन्नान्चास हजार चार सय बीस) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू.१००।- दरको २,८८,७८,४९४.२० (दुई करोड अठासी लाख अठहत्तर हजार चार सय चौरानब्बे दशमलब बीस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ग) :**

बैंकको चुक्ता पूँजी रू.२,८८,७८,४९,४२०/०० (दुई अर्ब अठासी करोड अठहत्तर लाख उन्नान्चास हजार चार सय बीस) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू.१००।- दरको २,८८,७८,४९४.२० (दुई करोड अठासी लाख अठहत्तर हजार चार सय चौरानब्बे दशमलब बीस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६** (ङ) **:**

संस्थापक शेयरधनीहरूलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५९.६८ प्रतिशत हुनेछ ।

| क्र.सं. | संस्थापकको नाम | *शेयर संख्या (कित्ता )* |
|---|---|---|
| १ | ई. इच्छा राज तामाङ्ग | १,८१९,०२९.३७ |
| २ | सिता राम तिमल्सिना | १०७,०००.०० |
| ३ | शकुन्तला घिमिरे | २,६४८.२५ |
| ४ | महेश्वर न्यौपाने | ५,३५०.०० |
| ५ | राम बहादुर अर्याल | १,०७०.०० |
| ६ | पविता विष्ट | ५,३५०.०० |
| ७ | विज्ञा तिमिल्सिना | २६,७५०.०० |
| ८ | कालु गुरुङ्ग | ५२,४३०.०० |
| ९ | हरिहर प्रसाद लामिछाने | ६५,३०३.५८ |
| १० | अग्नि प्रसाद खरेल | २६,७५०.०० |
| ११ | राम काजी कोने | ५२,४३०.०० |
| १२ | सिमविम ईन्टरनेशनल इम्पेक्स | ४,८१५.०० |
| १३ | सन इस्ट इन्टरनेशनल प्रा.लि. | २८,५२६.२० |
| १४ | हंसराज हुलास चन्द एण्ड कं प्रा.लि. | ५३,५००.०० |
| १५ | प्रभा भिमसरिया गोयन्का | १६०,५००.०० |
| १६ | केशव कुमार आमात्य | २१,११६.८२ |
| १७ | हरे राम श्रेष्ठ | १४,०७७.८८ |
| १८ | अरुण कुमार सिंह | १४,०७७.८८ |
| १९ | हरि शंकर श्रेष्ठ | १४,०७७.८८ |
| २० | सुक बहादुर गुरुङ्ग | १४,०७७.८८ |
| २१ | रवि शाह | १४,०७७.८८ |
| २२ | जगन्नाथ खतिवडा | १४,०७७.८८ |

| | | |
|---|---|---|
| २३ | रण बहादुर भडेंल | २५,३५९.०० |
| २४ | सीता राम काफ्ले | २,९५८.५५ |
| २५ | बैकुण्ठ प्रसाद गौतम | ८४५.३० |
| २६ | अम्बिका थपलिया | १६,९०६.०० |
| २७ | प्रमोद शर्मा कडेंल | ५,०७१.८० |
| २८ | हिमालय विक्रम मल्ल ठकुरी | २४७,४६१.५८ |
| २९ | लिखत प्रसाद पाण्डे | २१,१३२.५० |
| ३० | लव कुमार थापा | १५९,७६१.७० |
| ३१ | उद्धव प्रसाद पाण्डे | ४,२२६.५० |
| ३२ | राजेन्द्र अर्याल | २,९५८.५५ |
| ३३ | दिपक कोइराला | ८४५.३० |
| ३४ | विष्णु प्रसाद चौलागाई | ७,६०७.७० |
| ३५ | पर्शुराम तामाङ्ग | १६,९०६.०० |
| ३६ | डा. चन्द्रमणि खनाल | २९,५८५.५० |
| ३७ | सुरेन्द्र मान महर्जन | १०४,७२३.३७ |
| ३८ | शुरेस चन्द्र पौडेल | ३४,८६८.६३ |
| ३९ | ज्योति बास्तोला | ९२९.८३ |
| ४० | शरद चन्द्र पौडेल | ४,६४९.१५ |
| ४१ | सुसील चन्द्र पौडेल | ९२.९८ |
| ४२ | शंकर प्रसाद अधिकारी | ९२९.८३ |
| ४३ | सुवास चन्द्र पौडेल | २,६९६.५१ |
| ४४ | असिम देवकोटा | ४६४.९२ |
| ४५ | पूर्ण चन्द्र पौडेल | १,८५९.६६ |
| ४६ | कमला रेग्मी | १,८५९.६६ |
| ४७ | केशव राज रेग्मी | ९२९.८३ |
| ४८ | रामजी प्रसाद बास्तोला | ६९,७३७.२५ |
| ४९ | शतिस बास्तोला | १८,५९६.६० |
| ५० | सन्तोष मनि न्यौपाने | ३,७१९.३२ |
| ५१ | कल्याण बहादुर बस्नेत | १,८५९.६६ |
| ५२ | धन कुमार थापा | १,८५९.६६ |
| ५३ | केशव लाल श्रेष्ठ | २४५,५३३.६४ |
| ५४ | अशोक कुमार श्रेष्ठ | १०७,०००.०० |
| ५५ | विसन शाक्य | ८,८२५.३६ |
| ५६ | अम्बिर बोगटी | ११७,७००.०० |
| ५७ | मत्स्येन्द्र लाल कायस्थ | २६,७५०.०० |
| ५८ | सुरेन्द्र कुमार गोयल | १०७,०००.०० |
| ५९ | पुष्प मान श्रेष्ठ | १०७,०००.०० |
| ६० | मनोज पुन | ७,०८८.७५ |
| ६१ | शिव श्रेष्ठ | २८,६७९.२१ |
| ६२ | हिम इलेक्ट्रोनिक्स प्रा.लि. | ५३,५००.०० |
| ६३ | सुनिता अग्रवाल | १०७,०००.०० |
| ६४ | मिना कुमारी श्रेष्ठ | १०,७००.०० |
| ६५ | मनिष कुमार अग्रवाल | १०,७००.०० |
| ६६ | गिरेन्द्र मान सिंह श्रेष्ठ | १५५,६८५.०० |
| ६७ | पुन प्रसाद सुवेदी | ८७,७८१.७३ |
| ६८ | तुलसी प्रसाद अधिकारी | ५३,५००.०० |
| ६९ | दिपक कुँवर | १०७,०००.०० |
| ७० | भोक बहादुर गुरुङ्ग | ६९,५५०.०० |
| ७१ | हरिहर बहादुर जुवा | १०७,०००.०० |
| ७२ | हर्क बहादुर तामाङ्ग | १३३,७५०.०० |
| ७३ | जगदीश कुमार अग्रवाल | १०७,०००.०० |
| ७४ | नारायण कुमार श्रेष्ठ | १५५,१५०.०० |

CIVIL BANK

| | | |
|---|---|---|
| ७५ | भाष्कर श्रेष्ठ | ५४,०३५.०० |
| ७६ | सुगम बाबा श्रेष्ठ | ४६,०१०.०० |
| ७७ | स्वरुप गुरुङ्ग | ५२,४३०.०० |
| ७८ | प्रमिला अर्याल | ५३,५००.०० |
| ७९ | कृष्ण कुमार श्रेष्ठ | ५६,९६७.८७ |
| ८० | ज्ञान सुन्दर शाक्य | १०७,०००.०० |
| ८१ | इश्वर लाल श्रेष्ठ | १०७,०००.०० |
| ८२ | जयन्द्र लाल श्रेष्ठ | २१,११६.८२ |
| ८३ | नानी बाबा आचार्य | १,४०७.७९ |
| ८४ | चन्द्रीका भट्टराई राणा | २,८१५.५८ |
| ८५ | रमा श्रेष्ठ | १,४०७.७९ |
| ८६ | मुकुन्द न्यौपाने | ५,९५६.०३ |
| ८७ | नरेन्द्र मान शाक्य | १४,०७७.८८ |
| ८८ | रघुनाथ झा | १४,०७७.८८ |
| ८९ | सुमन श्रेष्ठ | २८,१५५.७६ |
| ९० | सुमन नन्द वैद्य | १४,०७७.८८ |
| ९१ | घनमान बज्राचार्य | १४,०७७.८८ |
| ९२ | बाम देव ज्ञवाली | १४,०७७.८८ |
| ९३ | हरि प्रसाद रिसाल | १४,०७७.८८ |
| ९४ | गौतम वीर सिंह ताम्राकार | १४,०७७.८८ |
| ९५ | बहादुर तामाङ्ग | २१४,७९०.७३ |
| ९६ | प्रेम ध्वज लामा | १७७,५१३.०० |
| ९७ | देव राज तामाङ्ग | २९,५८५.५० |
| ९८ | मीन मान श्रेष्ठ | ११५,७७३.९८ |
| ९९ | लाल काजी गुरुङ्ग | ३२,१००.०० |
| १०० | लोक हर्ष शाक्य | १०७,०००.०० |
| १०१ | रविन श्रेष्ठ | ५३,५००.०० |
| १०२ | अमित अग्रवाल | २६,७५०.०० |
| १०३ | डा. तारा नाथ निरौला | १०७,०००.०० |
| १०४ | जुनी गुरुङ्ग | ६,४२०.०० |
| १०५ | स्वदेश गुरुङ्ग | ६,४२०.०० |
| १०६ | ऋषि प्रसाद सुवेदी | ९२,८७६.०० |
| १०७ | कृष्ण कुमार श्रेष्ठ | १०७,०००.०० |
| १०८ | तुलसी राम नेपाल | ५३,५००.०० |
| १०९ | बीरेन्द्र बहादुर थपलिया | ३२,१००.०० |
| ११० | धर्म भक्त बल्ल | १०७,०००.०० |
| १११ | केदार नारायण मानन्धर | १०७,०००.०० |
| ११२ | रोज श्रेष्ठ | १०७,०००.०० |
| ११३ | महेन्द्र नाथ कर्मचार्य | १०७,०००.०० |
| ११४ | सृजना शाक्य (तामाङ्ग) | १,३३४,६९४.९४ |
| ११५ | सविता डंगोल | १४,०७७.८८ |
| ११६ | विश्व रन्जन सिंह शाही | ७,०३८.९४ |
| ११७ | गोपाल बहादुर खड्का | ११,२६२.३० |
| ११८ | हरि प्रसाद धरेल | १,६२४.३७ |
| ११९ | भुवनेश्वर प्रसाद शाह | १४,०७७.८८ |
| १२० | सुशिल बहादुर बज्राचार्य | १४,०७७.८८ |
| १२१ | माणिक रत्न तुलधार | २८,१५५.७६ |
| १२२ | स्नेहलता ठाकुर | १४,०७७.८८ |
| १२३ | भगवान रत्न कंसाकार | १४,०७७.८८ |
| १२४ | उमा कुमारी श्रेष्ठ | ७,०३८.९४ |
| १२५ | गोपाल कुमार श्रेष्ठ | २,८१५.५८ |
| १२६ | विनोद लाल श्रेष्ठ | २,८१५.५८ |

| | | |
|---|---|---|
| १२७ | शिल बहादुर बज्राचार्य | १२,६७०.०९ |
| १२८ | अमा वैद्य | ४,२२३.३६ |
| १२९ | प्रतिक्षा तामाङ्ग | ४३,६४१.४३ |
| १३० | अमिर रत्न डंगोल | ३२१,०००.०० |
| १३१ | दिकेश मल्होत्रा | ७१,६९०.०० |
| १३२ | गोपी देवी प्रधान | १०,७००.०० |
| १३३ | रुप नाथ श्रेष्ठ | २६,७५०.०० |
| १३४ | सविता मल्होत्रा | १०७,०००.०० |
| १३५ | दीपक कुमार मल्होत्रा | २६,७५०.०० |
| १३६ | श्रीराम डंगोल | २६,७५०.०० |
| १३७ | त्रिरत्न महर्जन | ३२१,०००.०० |
| १३८ | त्रिमिर महर्जन | १०७,०००.०० |
| १३९ | सुरेन्द्र कुमार श्रेष्ठ | २२४,१६५.०० |
| १४० | मिना महर्जन | ३९८,०४०.०० |
| १४१ | रुपा गुरुङ्ग | ५३,५००.०० |
| १४२ | डा. राम हरि लामिछाने | ३२,१००.०० |
| १४३ | दीपक राज काफ्ले | २१,४००.०० |
| १४४ | धन राज आचार्य | १०७,०००.०० |
| १४५ | श्याम बहादुर महत | ९२,८८१.३५ |
| १४६ | राजु श्रेष्ठ | ४२८,०००.०० |
| १४७ | श्रीधर प्रसाद शर्मा | ५३,५००.०० |
| १४८ | बाबु काजी श्रेष्ठ | १८९,३९०.०० |
| १४९ | मृगेन्द्र बहादुर प्रधानाङ्ग | १०७,०००.०० |
| १५० | मदन मोहन प्रधान | ४२,८००.०० |
| १५१ | बल बहादुर खड्का | ५३,५००.०० |
| १५२ | शिला गुरुङ्ग | ५३,५००.०० |
| १५३ | प्रदीप कुमार विडारी | ७४,९००.०० |
| १५४ | सुब्बा प्रसाद लामिछाने | ६४,२००.०० |
| १५५ | राम कृष्ण पौडेल | ११,०९९.८७ |
| १५६ | नारायण लाल श्रेष्ठ | ३५,१९४.७० |
| १५७ | खेमनाथ डल्लाकोटी | १४,०७७.८८ |
| १५८ | ईश्वर मान आमात्य | १९,७०९.०३ |
| १५९ | सन्जु भट्टराई | १४,०७७.८८ |
| १६० | महेश प्रसाद भट्टराई | २८,१५५.७६ |
| १६१ | विश्वेस श्रेष्ठ | २८,१५५.७६ |
| १६२ | मुना उप्रेती | २८,१५५.७६ |
| १६३ | श्री निवास वीर सिंह कंसाकर | १४,०७७.८८ |
| १६४ | पृथु राज श्रेष्ठ | १४,०७७.८८ |
| १६५ | मिठा राम सापकोटा | १,४०७.७९ |
| १६६ | महेश कुमार श्रेष्ठ | २,८१५.५८ |
| १६७ | दिनेश कुमार सुवेदी | १,४०७.७९ |
| १६८ | मलख लाल श्रेष्ठ | १४,०७७.८८ |
| १६९ | युरिका बज्राचार्य | ७,०३८.९४ |
| १७० | बद्री प्रसाद नेपाल | १०,५५८.४१ |
| १७१ | बविता दिक्षित | ७,९०५.२७ |
| १७२ | राज भाई प्रधान | ८,४४६.७३ |
| १७३ | अशोक बुढाथोकी | ७,०३८.९४ |
| १७४ | मुना पाण्डे | २,८१५.५८ |
| १७५ | देवेन्द्र कुमार सुब्बा | २,१११.६८ |
| १७६ | अरुणिमा (कर्मचार्य) श्रेष्ठ | १२,६७०.०९ |
| १७७ | महेश्वर प्रकाश श्रेष्ठ | ११,९६६.२० |
| १७८ | आशा मान तण्डुकार | ८,४४६.७३ |

| | | |
|---|---|---|
| १७९ | उपेन्द्र मान प्रधान | २,१११.६८ |
| १८० | सन्तोष भट्टराई | ७,०३८.९४ |
| १८१ | शरद प्रकाश श्रेष्ठ | ७०३.८९ |
| १८२ | रिता श्रेष्ठ | ८८,७५६.५० |
| १८३ | कैलाश पतिन्द्र आमात्य | १४७,९२७.५० |
| १८४ | नारायण प्रसाद रिमाल | ६७,६२४.०० |
| १८५ | जय महाशक्ति ट्रेड इन्भेष्टमेन्ट एण्ड सप्लायर्स प्रा.लि | ३०४,२२७.७० |
| १८६ | विदुर धमला | ८८७,५६५.०० |
| १८७ | सावर मल अग्रवाल | ५३,५००.०० |
| १८८ | अन्जु अग्रवाल | ३२,१००.०० |
| १८९ | सिमा मारवाडी | १०७,०००.०० |
| १९० | बाल कृष्ण अग्रवाल | १०,७००.०० |
| १९१ | नीलम संघाई | १४९,८००.०० |
| १९२ | नीता अग्रवाल | १०,७००.०० |
| १९३ | सिता राम जोधानी | ५३,५००.०० |
| १९४ | प्रकाश तायल | २४०,७५०.०० |
| १९५ | महेन्द्र कुमार गोयल | ८०,२५०.०० |
| १९६ | ज्योती कुमारी सरावगी | ८०,२५०.०० |
| १९७ | सुभाष कुमार खेतान | १०,७००.०० |
| १९८ | विजय कुमार अटल | १०,७००.०० |
| १९९ | विवेक अग्रवाल | १०७,०००.०० |
| २०० | विशाखा अग्रवाल | १६,०५०.०० |
| २०१ | चिरञ्जीवी लाल अग्रवाल | ३,२१०.०० |
| २०२ | सावर मल जोधानी | ५३,५००.०० |
| २०३ | सावित्री देवी अग्रवाल | २६,७५०.०० |
| २०४ | अनिल कुमार अग्रवाल | २६,७५०.०० |
| २०५ | उषा घिराइया | १०,७००.०० |
| २०६ | प्रवीण अग्रवाल | १९,२६०.०० |
| २०७ | राज कुमार अग्रवाल | १९,२६०.०० |
| २०८ | पवन कुमार अग्रवाल | ५३,५००.०० |
| २०९ | शंकर अक्सिजन ग्यास प्रा.लि. | २६,७५०.०० |
| २१० | सज्जन कुमार खेतान | १०,७००.०० |
| २११ | सुनिल अग्रवाल | ५३,५००.०० |
| २१२ | अरुण खेतान | ५३,५००.०० |
| २१३ | अमित अग्रवाल | ५३,५००.०० |
| २१४ | रामजी कुमार | २६,७५०.०० |
| २१५ | अनिल कुमार अग्रवाल | २३,५४०.०० |
| २१६ | सुमन देवी अग्रवाल | २६,७५०.०० |
| २१७ | बजरङ्ग लाल अग्रवाल | १०,७००.०० |
| २१८ | अंकुश कुमार अग्रवाल | १०,७००.०० |
| २१९ | जगदिश कुमार अग्रवाल | १६,०५०.०० |
| २२० | सरिता अग्रवाल | ५३,५००.०० |
| २२१ | राकेश अग्रवाल | २६,७५०.०० |
| २२२ | मुद्वित कुमार गर्ग रुङ्गटा | २५,६८०.०० |
| २२३ | सुशिला देवी गर्ग रुङ्गटा | २५,६८०.०० |
| २२४ | ओम प्रकाश गर्ग रुङ्गटा | २५,६८०.०० |
| २२५ | जीवन कुमार अग्रवाल | २६,७५०.०० |
| २२६ | सुरेन्द्र कुमार हिरावत | २१,४००.०० |
| २२७ | अशोक कुमार वैद्य | २६,७५०.०० |
| २२८ | पुनम टिबडेवाला | १७,१२०.०० |
| २२९ | राजेश कुमार जालान | २६,७५०.०० |
| २३० | राम मुर्ति अग्रवाल | १०७,०००.०० |

| | | |
|---|---|---|
| २३१ | विजय अग्रवाल | २१,४००.०० |
| २३२ | विमल कुमार अग्रवाल | २६,७५०.०० |
| २३३ | जयन्त कुमार अग्रवाल | २६,७५०.०० |
| २३४ | दिप्ती अग्रवाल | ५३,५००.०० |
| २३५ | रुपेश कुमार अग्रवाल | ८०,२५०.०० |
| २३६ | रमेश जोधानी | ५३,५००.०० |
| २३७ | कमल कुमर वेगानी | १०,७००.०० |
| २३८ | अमित कुमार वेगानी | ४२,८००.०० |
| २३९ | ज्योती कुमार वेगानी | ५३,५००.०० |
| २४० | मोनी अग्रवाल | २६,७५०.०० |
| २४१ | प्रमोद प्रसाद चौघरी कलवार | २६,७५०.०० |
| २४२ | अभिषेक अग्रवाल | ३७,४५०.०० |
| २४३ | जस्मीन तण्डुकार | ५३,५००.०० |
| २४४ | पवन कुमार अग्रवाल | १०७,०००.०० |
| २४५ | रेणु देवी अग्रवाल | ३,२१०.०० |
| २४६ | पुरन सिलवाल | ५३,५००.०० |
| २४७ | राजु कुमार अमात्य | ३९,२२०.८५ |
| २४८ | अनु श्रेष्ठ पिया | १०७,०००.०० |
| २४९ | बलराम कृष्ण मानन्धर | ६,७६२.४० |
| २५० | प्रविण मोक्तान | ४,२२६.५० |
| २५१ | जोग लाल लामा | २२८,२३१.०० |
| २५२ | मुक्त बहादुर तामाङ्ग | ४,२२६.५० |
| २५३ | केदार मानन्धर | ८,४५३.०० |
| २५४ | अरविन कुमार दास | २९,५८५.५० |
| २५५ | भीम बहादुर तामाङ्ग | १६,९०६.०० |
| २५६ | लघु राम तामाङ्ग | २९,५८५.५० |
| २५७ | राम बाबु श्रेष्ठ | ४,२२६.५० |
| २५८ | नरेन्द्र बहादुर लामा | ८,४५३.०० |
| २५९ | सन्त वीर लामा | ४,२२६.५० |
| २६० | साईली लामा | ४,२२६.५० |
| २६१ | प्रकाश लामा | ४,२२६.५० |
| २६२ | बिमला राई | ४,२२६.५० |
| २६३ | शैलेस नाथ मास्के | ८,४५३.०० |
| २६४ | सुप्रिना मास्के | ८,४५३.०० |
| २६५ | जीत कुमार श्रेष्ठ | १४,७९२.७५ |
| २६६ | समा आमात्य राजभण्डारी | ८,४५३.०० |
| २६७ | प्रमिला शाक्य | ११५,७७३.९८ |
| २६८ | कान्छा गुरुङ्ग | १६,९०६.०० |
| २६९ | विजय बाबु श्रेष्ठ | २९५.८६ |
| २७० | ट्राईकोण एडभरटाइजिङ सर्भिस | २९५.८६ |
| २७१ | सुरज भडेल | ८४.५३ |
| २७२ | प्रतिक भडेल | १४,७९२.७५ |
| २७३ | कृष्ण कुमार श्रेष्ठ | २९५.८६ |
| २७४ | उद्धव केसी | ४,२२६.५० |
| २७५ | कल्पीतेन्द्र आमात्य | ८,४५३.०० |
| २७६ | गोविन्द प्रसाद आचार्य | १,८५९.६६ |
| २७७ | संजिव प्रधान | ९,२९८.३० |
| २७८ | सुनिल शैन्जु | ५,५७८.९८ |
| २७९ | सविन्द्रलाल आमात्य | ३,७१९.३२ |
| २८० | डा.सुनिल मास्के | १,८५९.६६ |
| २८१ | सुरेस मान जोशी | १,८५९.६६ |
| २८२ | सविन जोशी | ३,७१९.३२ |

| | | |
|---|---|---|
| २८३ | राजेश खड्का | ३,७१९.३२ |
| २८४ | डा.रोशनी श्रेष्ठ अमात्य | ३,७१९.३२ |
| २८५ | रोहिनी प्रधान | १,८५९.६६ |
| २८६ | रमा राजभण्डारी | ३,७१९.३२ |
| २८७ | रविन्द्र कुमार मल्ल | ३,७१९.३२ |
| २८८ | बद्री नारायण श्रेष्ठ | १,८५९.६६ |
| २८९ | कविन्द्र लाल आमात्य | १०,२२८.१३ |
| २९० | सुसील लाल आमात्य | १,४८७.७३ |
| २९१ | मिलन कुमार राई | ३,७१९.३२ |
| २९२ | भक्त लाल श्रेष्ठ | ५,५७८.९८ |
| २९३ | कृष्ण प्यारी प्रधान | ९२९.८३ |
| २९४ | अनिल लाल आमात्य | १,४८७.७३ |
| २९५ | अरुण प्रसाद श्रेष्ठ | २,९७५.४६ |
| २९६ | अन्जली श्रेष्ठ | ३,७१९.३२ |
| २९७ | नेमलाल आमात्य | ७,४३८.६४ |
| २९८ | गणील लाल आमात्य | १,४८७.७३ |
| २९९ | चिनियालाल आमात्य | १,८५९.६६ |
| ३०० | जीतेन्द्र राज वन्त | १,८५९.६६ |
| ३०१ | चन्दा श्रेष्ठ राजभण्डारी | १,८५९.६६ |
| ३०२ | प्रचन्द्र कुमार मल्ल | ३,७१९.३२ |
| ३०३ | आशा अग्रवाल | ३,७१९.३२ |
| ३०४ | मिनाछी आमात्य राजबंशी | १,८५९.६६ |
| ३०५ | भरत मान श्रेष्ठ गोर्खाली | १,८५९.६६ |
| ३०६ | कृष्ण लाल जोशी | ९२९.८३ |
| ३०७ | नारायण प्रसाद नेमकुल | ३,७१९.३२ |
| ३०८ | राजभाई प्रधान | १,८५९.६६ |
| ३०९ | सरिता श्रेष्ठ प्रधान | १,४८७.७३ |
| ३१० | विभा कुमारी झा | ३,७१९.३२ |
| ३११ | अमुल आमात्य | १,३०१.७६ |
| ३१२ | शरद श्रेष्ठ | १,८५९.६६ |
| ३१३ | पवन कुमार पिया | १,८५९.६६ |
| ३१४ | वीरेन्द्र काजी श्रेष्ठ | १,८५९.६६ |
| ३१५ | समा श्रेष्ठ | २,७८९.४९ |
| ३१६ | लक्ष्मी देवी श्रेष्ठ | १,८५९.६६ |
| ३१७ | चिज कुमार श्रेष्ठ | ३,७१९.३२ |
| ३१८ | अम्बिका मोहन जोशी | ३,७१९.३२ |
| ३१९ | हितनन्दन झा | ४६४.९२ |
| ३२० | अमर लाल श्रेष्ठ | ९२९.८३ |
| ३२१ | राजेन्द्र भक्त श्रेष्ठ | २,७८९.४९ |
| ३२२ | फत्ते बहादुर बुढाथोकी | ९२९.८३ |
| ३२३ | दिपा बुढाथोकी | ९२९.८३ |
| ३२४ | राकेश मानन्धर | ९२९.८३ |
| ३२५ | गजाधर श्रेष्ठ | ९२९.८३ |
| ३२६ | बिनिता सुन्दर चौधरी | ४६४.९२ |
| ३२७ | श्याम कृष्ण श्रेष्ठ | ४६४.९२ |
| ३२८ | राम महर्जन | ९२९.८३ |
| ३२९ | विनोद श्रेष्ठ | १,३९४.७५ |
| ३३० | सन्जोग श्रेष्ठ | ९२९.८३ |
| ३३१ | ध्रुव कुमार बुझु श्रेष्ठ | ४६४.९२ |
| ३३२ | निरमान धरेल | ४६४.९२ |
| ३३३ | यवकि धरेल | ४६४.९२ |
| ३३४ | उद्धव जोशी | ६९७.३७ |

| | | |
|---|---|---|
| ३३५ | सुनिल कुमार पिया | ६९७.३७ |
| ३३६ | रविन्द्र प्रसाद अधिकारी | ४६४.९२ |
| ३३७ | नेहा श्रेष्ठ | ४६४.९२ |
| ३३८ | मन कुमार श्रेष्ठ | ४६४.९२ |
| ३३९ | काशीराम ढकाल | ४६४.९२ |
| ३४० | जीवन कुमार श्रेष्ठ | ४६४.९२ |
| ३४१ | भरत बहादुर पोखरेल | ४६४.९२ |
| ३४२ | खदानन्द लामिछाने | ९२९.८३ |
| ३४३ | सर्जीना श्रेष्ठ | १,८५९.६६ |
| ३४४ | मन्दलाल इन्भेष्टमेन्ट कम्पनी प्रा. लि | ९२९.८३ |
| ३४५ | नविन कृष्ण श्रेष्ठ | ३,७१९.३२ |
| ३४६ | अभिमन्यू श्रेष्ठ | ९२९.८३ |
| ३४७ | प्रमोद कुमार श्रेष्ठ | ४६४.९२ |
| ३४८ | भीम बहादुर सुवाल | ४६४.९२ |
| ३४९ | धुवलाल श्रेष्ठ | ४६४.९२ |
| ३५० | नारायण लाल श्रेष्ठ | ४६४.९२ |
| ३५१ | रमेश वैद्य | ४,६४९.१५ |
| ३५२ | राजकुमार बस्नेत | ९२९.८३ |
| ३५३ | हरि प्रसाद सुवेदी | ९२९.८३ |
| ३५४ | यादव लाल श्रेष्ठ | ९२९.८३ |
| ३५५ | पुष्पा लाल गौतम | ९२९.८३ |
| ३५६ | जीत बहादुर भारती | ४६४.९२ |
| ३५७ | केदार खत्री क्षेत्री | ४६४.९२ |
| ३५८ | चित्र बहादुर कुवँर | ४६४.९२ |
| ३५९ | श्याम बहादुर लामा | ४६४.९२ |
| ३६० | प्रल्हाद थापा | ९२९.८३ |
| ३६१ | केशव कार्की | ९२९.८३ |
| ३६२ | महेश थापा क्षेत्री | ९२९.८३ |
| ३६३ | केशव राज भारती | ९२९.८३ |
| ३६४ | धुवराज कर्मचार्य | ४६४.९२ |
| ३६५ | बाल भक्त प्रधान | ९२९.८३ |
| ३६६ | प्रेम बहादुर न्यौपाने | ४६४.९२ |
| ३६७ | आनन्द तुलाधर | ४६४.९२ |
| ३६८ | केशव बहादुर कुंवर | ९२९.८३ |
| ३६९ | सुरेश खत्री | ९२९.८३ |
| ३७० | हरि भक्त श्रेष्ठ | ९२९.८३ |
| ३७१ | न्रिपध्वज महत | ४६४.९२ |

CIVIL BANK

**दफा ६** (छ) :

जुन समूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्तिलाई सोही समूहमा राखिनेछ ।

**दफा ८** (ग) :
बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर विक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर विक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम बैंकले कारोवार संचालन गरेको पाँच वर्ष नपुगे तापनि बैंकको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितीको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरूका बीचमा शेयर खरीद विक्री गर्न सकिनेछ ।
तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहको शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर विक्री गर्दा एक भन्दा बढि शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृती लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई विक्री गर्न सकिनेछ ।

# सिभिल बैंक लिमिटेडको
## नियमावलीमा संशोधन

**नियम १०**

**संस्थापकले लिनु पर्ने शेयर :** बैंकको संस्थापक शेयरधनीले कम्तीमा १,००० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर बैंक गाभ्ने गाभिने कारणले १,००० कित्ता भन्दा कम शेयर संस्थापक शेयरधनीको नाममा कायम रहन आएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**नियम ३१**

**सञ्चालक नियुक्ती सम्वन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :** समितिमा संचालकहरूको नियुक्ती गर्दा समूहगत रूपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिनेछ :

(क) संस्थापक समूह "क" वाट ५ जना संचालकहरू आपसी समझदारीवाट मनोनित वा निर्वाचित हुनेछन् ।

(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीवाट निर्वाचित ३ जना ।

**(ग) विविध :**

सभाको निर्धारित विषयसूचीहरू समाप्त भई विविध अन्तर्गत कुनै विषयसूची नभएकाले यस सम्बन्धमा छलफल तथा निर्णय भएन ।

**१३. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा, सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस चौथो बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, सल्लाहकार तथा बैंकका संचालकहरु र कर्मचारीहरूबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो र नवनिर्वाचित संचालकज्यूहरूलाई बधाई ब्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

..................... ..............................

डिल्लीराम श्रेष्ठ
**कम्पनी सचिव**

CIVIL BANK

ई. इच्छा राज तामाङ
**अध्यक्ष**